आज मिति २०७८।०९।२७ गते झापा जिल्लाका निमित्त प्रमुख जिल्ला अधिकारी श्री चोमेन्द्र न्यैपानेज्यूको संयोजकत्वमा जिल्ला कोभिड व्यवस्थापन समिति DCMC (District Covid Management Committee) को बैठक बसी देहायका पदाधिकारीहरुको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो।

**उपस्थिति**

नि. प्रमुख जिल्ला अधिकारी, श्री चोमेन्द्र न्यैपाने, जिल्ला प्रशासन कार्यालय, झापा

प्रमुख सेनानी, श्री अमरजंग थापा, नयाँ श्रीनाथ गण, चारआली, झापा

प्रहरी उपरिक्षक, श्री सानुराम भट्टराई, जिल्ला प्रहरी कार्यलय, झापा

सशस्त्र प्रहरी उपरिक्षक, श्री रमेशकुमार पाण्डे, सशस्त्र प्रहरी वल, २ नं. गण हे.क्वा, झापा

प्र.अ.अ., श्री दुर्गा प्रसाद चापागाँई, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, झापा

प्रमुख मेडीकल सुपरीटेन्डेन्ट डा., श्री टंकप्रसाद बाराकोटी, मेची अस्पताल, झापा

जिल्ला समन्वय अधिकारी, श्री कृष्ण बहादुर कार्की, जिल्ला समन्वय समितिको कार्यालय, झापा

**आमन्त्रित**

प्रतिनिधि श्री बिश्वनाथ श्रेष्ठ जिल्ला स्वास्थ कार्यालय~~समन्वय~~ झापा

प्रतिनिधि श्री दुर्गेन्द्र न्यौपाने शिक्षा विकास तथा समन्वय ईकाइ

सभापति श्री लोकराज ढकाल, नेपाल रेडक्रश सोसाईटी जिल्ला कार्यालय झापा

प्रतिनिधि श्री याम बहादुर श्रेष्ठ जिल्ला उद्योग ~~वाणिज्य~~ संघ

प्रमुख मालपोत अधिकृत श्री योगेन्द्र दुलाल भूमि सुधार तथा मालपोत कार्यालय झापा

**निर्णयहरु:-**

१. कोभिड-१९ तीव्र रुपमा फैलिरहेको अवस्थालाई दृष्टिगत गरी सो को रोकथाम तथा नियन्त्रण गर्ने सम्बन्धमा कोभिड-१९ संकट व्यवस्थापन समन्वय केन्द्रको मिति २०७८/०९/२५ गतेको निर्णय, गृह मन्त्रालय(माननीय मन्त्रीस्तर)को मिति२०७८/०९/२६को निर्णयहरु समेतलाई मध्यनजर गरी देहाय बमोजिम गर्ने निर्णय गरियो ।

क. सार्वजनिक स्थलमा सबै प्रकारका राजनीतिक, तथा धेरै जना उपस्थित हुने गरी प्रशासनिक, सामाजिक एवम् त्यहि प्रकृतिको कार्यक्रम नगर्ने। अत्यावश्यक नियमित कार्यक्रमको हकमा स्थानीय प्रशासनको अनुमति लिएर गर्ने । अर्को सूचना नभएसम्म सार्वजनिक स्थलहरुमा २५ जनाभन्दा बढि भेला हुने गरी मेला, भेला तथा महोत्सवहरु आयोजना नगर्ने नगराउने ।

ख. सार्वजनिक स्थानहरुमा (कार्यालय, होटल, रेष्टुरेण्ट, सिनेमा हल, रंगशाला, हवाईयात्रा, पार्क आदि) प्रवेश गर्दा अनिवार्य रुपमा कोभिड विरुद्धको खोप लगाएको कार्ड (मोवाइलमा फोटो भएपनि हुने) साथमा राख्ने र ति निकायहरुले खोप कार्ड हेरेर मात्र प्रवेश दिने व्यवस्था यही माघ ७ गतेदेखि लागू गर्ने ।

ग. माघ ७ गते देखि सार्वजनिक सेवा प्राप्त गर्न खोप कार्ड अनिवार्य गर्ने र सो को प्रचार प्रसारको लागि सबै स्थानीय तहहरु, नेपाल रेडक्रस सोसाइटी, संघ संस्थाहरु र स्थानीय संचार माध्यमहरु लगायत सबैमा अनुरोध गर्ने ।

घ. नेपाल प्रवेश विन्दुमा एन्टिजेन परीक्षणको कार्यलाई थप प्रभावकारी बनाउने । त्यस्तो परीक्षणबाट संक्रमित देखिएकाहरुलाई तत्काल संस्थागत आईशोलेसनमा राखे व्यवस्था मिलाउने ।एन्टिजेन परिश्रणको दायरा बढाउन स्वास्थ्य कार्यालयले स्थानीय तहहरु संग समन्वय गर्ने ।

ङ. सार्वजनिक स्थानहरुमा निशुल्क एन्टिजेन टेस्ट बुथहरु स्थापना गर्न र नियमित खोप केन्द्रहरुमा खोपलाई अभियान कै रुपमा अगाडि बढाउन स्वास्थ्य कार्यालयले स्थानीय तह संग समन्य गर्ने ।

२. छिमेकी मुलुक भारतमा समेत कोभिड-१९ को संक्रमण दर तिव्र रुपमा फैलिरहेको हुँदा अत्यावश्यक काम नपरि सीमा वारपार नगर्न सबैलाई अनुरोध गर्ने । अत्यावश्य काम परि आवज-जावत गर्नु पर्ने भए कोभिड-१९ विरुद्धको खोप लगाएको कार्ड देखाएर मात्र आवत-जावत गर्ने ।

३. कोभिड-१९ को पहिलो र दोस्रो चरणमा संचालनमा ल्याइएका होल्डिङ्ग सेन्टरहरु, आइसोलेशन सेन्टरहरु र अस्पतालहरुलाई तयारी अवस्थामा राख्न सबै स्थानीय तहहरुलाई अनुरोध गर्ने ।

४. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७८/९/२६ गतेको सूचना अनुसार देशभरका सबै अधारभुत तथा माध्यमिक विद्यालयहरुले वार्षिक विदामा मिलान हुने गरी २०७८ पौष २७ गते देखि माघ १५ गते सम्म विदा दिने निर्णय गरेको हुँदा उक्त निर्णय कार्यान्वयन गर्न गराउन स्थानीय तहहरु र शैक्षिक प्रतिष्ठानहरुलाई अनुरोध गर्ने ।

५. कोभिड -१९ को संक्रमण दर बढन नदिन घरबाट निस्कदा सबैले मक्स अनिवार्य लगाउने,स्वस्थ्य सुरक्षाका मापदण्डहरु पालना गर्ने गराउने र कोभिडको -१९ को सम्भावित तेस्रो लहरबाट बच्न जनचेतना मुलक सूचना र प्रचार प्रसारको लागि स्थानीय तहहरु, राजनीतिक दलहरु, नेपाल रेडक्रस सोसाइटी, उद्योग वाणिज्य संघहरु, गैर सरकारी संस्थाहरु, संचार माध्यमहरु लगायत अन्य सरोकारवाला निकायहरु संग अनुरोध गर्ने ।